**बैठक संख्याः १, मितिः २०८० श्रावण १०**

**निर्णयहरु**

**प्रस्ताव नं. १ : अघिल्लो आ.ब. २०७९/०८० का कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

**निर्णयः** अघिल्लो आ.ब. २०७९/०८० का कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ : गल्छी गाउँपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८० ।**

**निर्णयः** गल्छी गाउँपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८० स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ३ : गल्छी गाउँपालिकाको बालअधिकार प्रवर्द्धन तथा संरक्षण सम्बन्धी कार्यविधि, २०८० ।**

**निर्णयः** गल्छी गाउँपालिकाको बालअधिकार प्रवर्द्धन तथा संरक्षण सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ४ : गल्छी गाउँपालिका अन्तर्गतका 'घ' वर्गका निर्माण व्यवसायीहरुको नविकरण सम्बन्धमा ।**

**निर्णयः** गल्छी गाउँपालिका अन्तर्गतका 'घ' वर्गका निर्माण व्यवसायीहरुको एक आर्थिक वर्षको असार मसान्तसम्ममा नविकरण नगरेमा छ महिना सम्मकको लागि २५% जरिवाना लिइ र अर्को छ महिनासम्म पनि नविकरण गर्न नआएमा ५०% जरिवाना लिइ नविकरण गर्ने र दुई वर्ष सम्म पनि नविकरण गर्न नआएमा दर्ता रकमको ७५% रकम लिइ नविकरण गर्ने र तिन वर्ष भन्दा बढी समयसम्म पनि नविकरण गर्न नआए दर्ता शुल्क बराबरको जरिवाना लिइने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : भूमिहिन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन सम्बन्धमा ।**

**निर्णयः** भूमिहन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ बमोजिम तपसिल बमोजिमको स्थानीय तह स्तरीय भूमिहिन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने ।

तपसिलः

क) श्री केदारनाथ खतिवडा, गा.पा. अध्यक्ष - संयोजक

**बैठक संख्याः १, मितिः २०८० श्रावण १०**

**निर्णयहरु**

ख)श्री भाईकाजी तिवारी, गा.पा. उपाध्यक्ष - उपसंयोजक

ग)श्री राजनीतिक दलका प्रतिनिधिहरु,-सदस्य

घ)श्री रमेश भुजेल, का.पा.सदस्य-सदस्य

ङ)श्री सृजना घले , का.पा.सदस्य-सदस्य

च)प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

**प्रस्ताव नं. ६ : कार्यस्थलमा आधारित तालिम संचालन सम्बन्धमा ।**

**निर्णयः** प्रधानमन्त्री रोजगार कार्यक्रमको ४० दिनको कार्यस्थलमा आधारित सीप विकास तालिम तथा १० दिनको जिवन उपयोगी तालिम सञ्चालन गर्न वडा नं १ र वडा नं ५ मा आयोजनाको उपलब्धता, भौगोलिक अवस्था र जनताको आवश्यकतालाई मध्यनजर गर्दै तालिमका ट्रेडहरु मध्ये सडक मर्मत तथा सम्भार र डकर्मीलाई छनौट गरी युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाबाट उपलब्ध गराइएको रोजगारी सृजनाको बजेटबाट ५० दिन बराबरको ज्याला रकम संचित गरी भुक्तानी हुने गरी सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : वडा नं ४ मा सब डिभिजन वन कार्यालय निर्माण सम्बन्धमा ।**

**निर्णयः** वडा नं ४ मा **सब डिभिजन वन कार्यालय** निर्माणको क्रममा निस्किएको बालुवा सहितको माटो गाउँपालिका कर्मचारीको रोहबरमा नियमानुसार बिक्री गर्ने ।